अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी

सम्पर्क नं : ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

गण्डकी प्रदेश नेपाल

प.स. - ०८२/०८३
च.नं.- ६४४

# विपन्न परिवारको लागि निजि आवास व्यवस्थापन कार्यक्रमका लागी निवेदन पेश गर्ने सम्वन्धी सुचना ।।।

**सुचना प्रकाशन मिति २०८२/१०/२०**

अन्नपूर्ण गाउँपालिका म्याग्दी भित्र बसोबास गर्ने विपन्न नागरिकहरुको संरक्षण,उत्थान,सशक्तिकरण र विकासको लागि त्यस्ता विपन्न परिवारको लागि सुरक्षित आवास व्यवस्थापन कार्यक्रम कार्यान्वयन गर्न अन्नपूर्ण गाउँपालिका भित्र बसोबास गर्ने नागरिकहरु मध्यबाट लाभग्राहिहरु छनौटको कार्य अगाडी बढाउने प्रयोजनका लागि सम्भावित लाभग्राहीहरुको निवेदन संकलन गर्ने उदेश्यले यो सुचना प्रकाशन गरिएको छ। गाउँपालिका गाउँ कार्यपालिका वाट स्वीकृत विपन्न परिवारको लागि निजि आवास व्यवस्थापन कार्यविधि,२०८२ मा रहेको लक्षित वर्गको पहिचान र कार्यक्रम संचालन सम्वन्धी प्रावधानहरुको पालना गरी आवास निर्माण गर्न ईच्छुक विपन्न बर्गहरुले सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिलका कागजातहरु सहित बडा/गाउँकार्यपालिकाको कार्यालयमा निवेदन बुझाउन यो सार्वजनिक सुचना प्रकाशन गरिएको छ । तोकिएको म्याद भित्र निबेदन नबुझाए वा झुठा विवरण नक्कली प्रमाण पेश गरेको कारणले उक्त सुविधाबाट बञ्चित हुन गएमा कार्यालय जवाफदेही हुने छैन । म्याद भित्र दर्ता हुन आएका निवेदकहरुको लाभग्राही छनौट विपन्न परिवारको लागि निजि आवास व्यवस्थापन कार्यविधि,२०८२ बमोजिम गरिने समेत जानकारी गराईन्छ ।

**निबेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१) निवेदक वा घरमुलीको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।

२) जग्गा धनी दर्ता प्रमाण पुर्जाको प्रतिलिपी वा विगत देखि त्यस स्थानमा आवास / स्थायी बसोबास गर्दै आएको भनि सम्बन्धित वडा कार्यालयको सिफारिस ।

३) हाल बसोबास गरेको घरको घरमुली सहित देखिने गरी खिचिएको फोटो ।

४) एकाघर भई छुट्टिएको घर धुरीले आवेदन फाराम साथ अनिवार्य अंशबण्डा/छुट्टिएको प्रमाण/सिफारिस कागजात ।

५) घरमुली अति विपन्न/अशक्त/वृद्धवृद्धा/अनाथ बालबालिका/एकल महिला भए प्रमाण खुल्ने कागजात

६) अति विपन्न/दलित/अति सिमान्तकृत/लोपोन्मुख विपन्न न आदी कुन बर्गमा पर्छ प्रमाण खुल्ने कागजात ।

७) हालसम्म नेपाल सरकार,प्रदेश सरकार,र अन्नपूर्ण गाउँपालिकाबाट संचालित यस्तै कार्यक्रमवाट लाभ प्राप्त नभएको स्वघोषणा ।

२०८२/१०/२०
कपिल पाण्डे
प्रमुख प्रशासकीय अधिकृत